सात्पासिलिछो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
चौकीडाँडा (भोजपुर)
प्रदेश नं. १, नेपाल

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट जिप खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : ( २०७५/०९/०१ गते)

यस कार्यालयको आ.व.२०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन ( २०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४(चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन,,गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात(क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१) यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ।

२) उक्त कागजात लिनका लागी ईच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र ,सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको वा कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ९ औ दिन १२ बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ।

३) यो सूचना प्रकाशित भएको मितिले ९ औ दिन १२ बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४.०० बजे खोलिनेछ।

४)साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ।

५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | हार्डटप जिप | Right Hand 4 Wheel Drive hard top Jeep with 4 Stroke, Water cooled Diesel Engine, developing Maximum rated power output not less than 45 KW and Maximum torque not less than 110 Nm | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ। |

किरण निधी तिवारी
प्रमुख प्रशासकिय अधिकृत